नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**छात्रवृत्ति शाखा**
केशरमहल, काठमाण्डौं

**प्रकाशित मितिः २०७९/०१ /२२**

काठमाण्डौं फरेष्ट्री कलेजमा विएस्सी फरेष्ट्री **(B.Sc.Forestry)** विषयको निःशुल्क अध्ययन (छात्रवृत्तिमा) का लागि दरखास्त दिएका उम्मेदवारहरूको पूर्वमनोनयन सूची प्रकाशन गरिएको सम्बन्धी सूचनाः

त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त काठमाण्डौं फरेष्ट्री कलेजमा बर्ष २०७८-०८२ का लागि BSc Forestry विषयको निशुल्क छात्रवृत्तिमा अध्ययनका लागि दरखास्त दिएका उम्मेदवारहरूको पूर्वप्रकाशित योग्यताक्रम सूची तथा ***विद्यमान छात्रवृत्ति सम्बन्धी ऐन २०२१*** *(संशोधनसहित)* तथा ***छात्रवृत्ति सम्बन्धी नियमावली २०६०*** (संशोधनसहित) र ***छात्रवृत्ति छनौट तथा परीक्षा सञ्चालन तथा मनोनयन प्रकृया सम्बन्धी निर्देशिका, २०६९*** बमोजिम मन्त्रालयको मिति २०७९ बैशाख २२ गतेको निर्णयबाट देहायअनुसार साधारण एवम् समूहगत रूपमा पूर्वमनोनयन गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । पूर्वमनोनयनमा परेका उम्मेदवारहरूको सम्बन्धमा कुनै दावीविरोध भएमा २०७९ साल बैशाख २३ गतेभित्र उम्मेदवार स्वयम् उपस्थित भई प्रमाणसहित निवेदन दिन तथा पूर्वमनोनयनमा परेका उम्मेदवारहरूले आफू अध्ययनका लागि समर्थ वा असमर्थको अवस्था खुलाई २०७९ साल बैशाख २५ गतेभित्र कार्यालय समयमा छात्रवृत्ति शाखामा अनिवार्य रूपमा निवेदन दिन सूचित गरिन्छ ।निवेदनको ढाँचा यसै साथ संलग्न छ ।

पूर्वमनोनयन भएका उम्मेदवारहरू

**Ministry of Education, Science and Technology**
**Scholarship Section, Kesharmahal**

Pre- Nomination Based on MoEST Merilt list published in 2079 Baishakha 14, BSc Forestry,KFC TU

| SN | MoE Rg N | Name of The Candidates | Gender | Obtained Score | AFU Rank | MOEST Rank | Pre-nomination by Group |
|---|---|---|---|---|---|---|---|
| 1 | 6 | Ram Rijhan Yadav | M | 67 | 19 | 1 | General-1 |
| 2 | 3 | Puspa Dhungana | F | 54 | 123 | 2 | General-2 |
| 3 | 15 | Sundar Oli | M | 51 | 182 | 3 | General-3 |
| 4 | 7 | Shusma K.C. | F | 51 | 196 | 1 | Female-1 |
| 5 | 5 | Shejal Pradhan | F | 50 | 212 | 1 | Janajati-1 |

२.निवेदन ढाँचा

निवेदन (क)

मितिः २०७९/०१/

श्री प्रमुखज्यू
छात्रवृत्ति शाखा
श्री शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय
केशरमहल काठमाडौं

विषयः अध्ययन गर्न इच्छुक भएको सम्बन्धमा

महोदय
प्रस्तुत विषयमा मिति २०७९ साल बैशाख २२ गते शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको वेभसाइटमा प्रकाशित सूचनाअनुसार त्रिभुवन विश्वविद्यालय अन्तर्गत काठमाण्डौं फरेष्ट्री कलेजमा शैक्षिक सत्र २०७८/०८२ का लागि निशुल्क अध्ययन छात्रवृत्तिमा मेरो नाम पनि पूर्वमनोनयन सूचीमा साधारण/आरक्षण (महिला)/जनजाति समूहमा प्रकाशन भएको तथा म अध्ययन गर्न इच्छुक भएको व्यहोरा निवेदन गर्दछु । मनोनयन भइसकेपछि अध्ययन असमर्थ भएको निवेदन गर्ने छैन ।

निवेदक
नामः श्री.....................
योग्यताक्रमः
हस्ताक्षरः
फोन नः

| दायाँ | बायाँ |
| --- | --- |
| | |

निवेदन (ख)

मितिः २०७९/०१/

श्री प्रमुखज्यू
छात्रवृत्ति शाखा
श्री शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय
केशरमहल काठमाडौं

विषयः अध्ययन असमर्थता बारे

महोदय
प्रस्तुत विषयमा मिति २०७९ साल बैशाख २२ गते शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको वेभसाइटमा प्रकाशित सूचनाअनुसार त्रिभुवन विश्वविद्यालय अन्तर्गत काठमाण्डौं फरेष्ट्री कलेजमा शैक्षिक सत्र २०७८/०८२ का लागि निशुल्क अध्ययन छात्रवृत्तिमा मेरो नाम पनि पूर्वमनोनयन सूचीमा साधारण/आरक्षण (महिला/जनजाति) समूहमा प्रकाशन भएकोमा मेरो व्यक्तिगत कारणले अध्ययन गर्न जान असमर्थ भएको हुँदा पूर्वमनोनयन सूचीबाट मेरो नाम हटाइदिनु हुन राजी खुसीसाथ यो निवेदन पठाएको छु ।

निवेदक
नामः श्री....................
योग्यताक्रमः
हस्ताक्षरः
फोन नः

| दायाँ | बायाँ |
|---|---|
| | |